# सर्वोच्च अदालत बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल

प.सं.: २०६६/०८०
च.नं.: २६

मिति: २०७९/०५/१२

**कार्यसमिति**
**२०७७ - २०७९**

अध्यक्ष
पूर्ण मान शाक्य
वरिष्ठ अधिवक्ता

उपाध्यक्ष
मुकुन्द प्रसाद पौडेल
अधिवक्ता

सचिव
ऋषिराम घिमिरे
अधिवक्ता

सह-सचिव
शर्मिला श्रेष्ठ
अधिवक्ता

कोषाध्यक्ष
विनोदकुमार कार्की
अधिवक्ता

सदस्यहरु
अधिवक्ता विकास भट्टराई
अधिवक्ता राजेन्द्र प्रसाद शाह
अधिवक्ता अनन्त कार्की
अधिवक्ता अनन्तराज लुईंटेल
अधिवक्ता अमिता गौतम पौडेल
अधिवक्ता तिलक विक्रम पाण्डे
अधिवक्ता दिप नारायण साह
अधिवक्ता मिराज श्रेष्ठ
अधिवक्ता डा. रामहरि त्रिपाठी
अधिवक्ता निर्मला भण्डारी गौतम


श्री संघीय संसद
प्रतिनिधि सभा
महाअभियोग सिफारिस समिति ।

विषय : महाभियोग सम्बन्धी आवश्यक कागज प्रमाण उपलब्ध गराईएको सम्बन्धमा ।

महोदय,

निलम्बित प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाई भन्दाबढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाअभियोग प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिमको प्रतिनिधि सभाबाट गठित महाअभियोग सिफारिस समितिको मिति २०७९/०५/०८ को बैठकले महाअभियोग लगाइएको आरोपसंग सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय गरेकोले महाअभियोग लगाइएको आरोपसंग सम्बन्धित विषयका कागजात विवरण (३) तीन दिनभित्र समितिसमक्ष उपलब्ध गराइदिनु भनी प.सं. ०७९/८०, च.नं. २३, मिति २०७९/०५/०९ को पत्रबाट यस बार एशोसिएशन समक्ष अनुरोध भई आएको जानकारी प्राप्त भयो ।

सो सन्दर्भमा यस बारको मिति २०७९/०५/१२ मा बसेको कार्यसमितिको बैठकबाट "नेपालको संविधानको धारा १०१ को उपधारा (२) बमोजिम संविधान र कानूनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले प्रधानन्यायाधीशले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभाबाट प्रधानन्यायाधीशलाई पदबाट मुक्त गर्न सकिनेछ" भन्ने व्यवस्था भएकोले निज प्रधानन्यायाधीशले माथि उल्लेखित संवैधानिक व्यवस्थाको गम्भीर उल्लंघन गरेकाले त्यहाँ महाभियोग सिफारिस समितिसमक्ष महाभियोग सम्बन्धी आवश्यक कागज प्रमाण पेश गर्ने सर्वसम्मत निर्णय भएकोले सोही बमोजिम निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा उपर लगाइएको महाभियोगको प्रस्ताव पारित गरी पदबाट मुक्त गरिदिन हुनका लागि देहाए बमोजिमका कागजात तथा प्रमाण पेश गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।


फोन नं.: +९७७ १ ४२००८३८, फ्याक्स: +९७७ १ ४२००८३३, पो.ब. २३२०७, इमेल: scbarnepal@gmail.com, वेबसाइट: www.supremecourtbar.org.np

विवरणहरु :

१. रञ्जन कृष्ण कोईराला विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दा (मुद्दा नं. ०७२-CR-१९३७) मा निज रञ्जन कृष्ण कोईरालालाई सफाइ दिनेगरी मिति २०७७/०३/१५ मा भएको फैसला ।

२. नेपाल सरकार विरुद्ध रञ्जन कृष्ण कोईराला भएको कर्तव्य ज्यान मुद्दा (मुद्दा नं.०७२-CR-१९३७) मा निज रञ्जन कृष्ण कोईरालालाई जन्मकैद हुनेगरी भएको पूर्ण इजलासको मिति २०७७/०३/१५ मा भएको फैसला ।

३. प्रेरणा राज्य लक्ष्मी सिंह विरुद्ध नेपाल सरकार मन्त्री परिषद् सिंहदरवार समेत भएको मुद्दा (मुद्दा नं.०७१-WO-०६२८) मा नेपाल सरकारको मातहतमा रहेको नेपाल ट्रष्टमा हस्तान्तरण भएको सम्पत्ति निज प्रेरणा राज्य लक्ष्मी सिंहका नाममा फिर्ता दिने मिति २०७२/०३/०६ मा भएको फैसला ।

४. नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालय समेत विरुद्ध प्रेरणा राज्य लक्ष्मी सिंह समेत भएको मुद्दा (मुद्दा नं.०७३-NF-०००४, ०७३-NF-०००५, ०७३-NF-०००६) मा निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा समेतको फैसलाबाट प्रेरणा राज्य लक्ष्मी सिंहका नाममा गएको सम्पत्ति नेपाल सरकारको मातहतमा रहेको नेपाल ट्रष्टको नाममा फिर्ता भएको पूर्ण इजालसबाट मिति २०७३/०९/२१ मा भएको फैसला ।

५. सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशकसमक्ष चोलेन्द्र शम्शेर ज.ब.रा, उहाँका परिवारका सदस्य, उहाँसंग जोडिएका व्यक्तिहरु तथा पेशेवर विचौलियासंग संलग्न भई सम्पत्ति शुद्धीकरण कसुर गरेको सम्बन्धमा अनुसन्धानका लागि बृहत नागरिक आन्दोलनको तर्फबाट पेश गरेको उजुरी निवेदन पत्र पाना -६

६. निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.का कामकारबाही बारे अनलाईन खबरमा प्रकाशित समाचारहरुको संकलन विषयबस्तुको विवरण पत्र पाना -१०९

७. सर्वोच्च अदालतको नयाँ भवन निर्माण सम्बन्धमा कानून बमोजिमको प्रक्रिया नै अबलम्बन नगरी आफ्नै संयोजकत्वमा समिति गठन गरि विवादित बोलपत्रदाताको एकल बोलपत्रलाई स्वीकृत गरिएको विवादास्पद बोलपत्र मुल्याङ्कन समितिको टिप्पणी आदेश पाना - ६ ।, सर्वोच्च अदालतको नयाँ भवन निर्माण गर्ने क्रममा भूमिगत पाकिङ्गको लागि उत्खनन् गर्ने कार्यसंग सम्बन्धित BOQ तथा लागत इस्टीमेटमा बेरुजु देखिएको आधारमा ठेकेदारले रु ५,००,००,०००।- (पाँच करोड) फिर्ता गरेको सम्बन्धमा महालेखापरिक्षकसंग आवश्यक कागजात झिकाइ बुझिपाँउ ।

८. निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा विरुद्ध दर्ता भएको महाअभियोगप्रस्ताव बमोजिम पदमुक्त गरि संवैधानिक सर्वोच्चता , विधिको शासन, स्वतन्त्र र सक्षम न्यायपालिकाको

अवधारणलाई कायम राख्न प्रतिनिधि सभासमक्ष माग गर्दछ भनी यस बार एशोसिएशनद्वारा मिति २०७८/११/०१ मा प्रकाशित विज्ञप्ति ।

९. न्यायिक नेतृत्व सम्पूर्ण रुपमा असफल भएको ठहर गरी न्यायपलिकालाई थप संकटबाट जोगाउन समुचित निकासका लागि मार्ग प्रशस्त गर्न प्रधानन्यायाधीशसमक्ष माग गर्दछ भनी यस बार एशोसिएशनद्वारा मिति २०७८/०७/०८ मा प्रकाशित विज्ञप्ति ।

१०. प्रधानन्यायाधीशको बहिर्गमन किन भन्ने विषयमा सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिले मिति २०७८/०७/१५ मा गरेको निर्णयको प्रतिलिपि ।

११ नेपाल बार एशोसिएशनले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.को बहिर्गमन किन भनी लगाइएको १७ बुँदे आरोप कागजात ।

१२. नेपाल बार एशोसिएशनको, राष्ट्रिय सम्मेलन २०७८, काठमाडौं घोषणा पत्र ।

१३. नेपाल बार एशोसिएशनद्वारा न्यायपालिकाको शुद्धीकरण र शुदृढीकरणमा नेबाएको भुमिका विषयको २ दिने अन्तरक्रियात्मक गोष्ठीको निष्कर्ष तथा सुझाव ।

१४. नेपाल बार एशोसिएशनको मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन २०७८ को काठमाडौं घोषण पत्र ।

१५. कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित भएका समाचार कटिङ

१५.१ मिति २०७८/०६/२३ मा "हमालको नियुक्ति संविधानवादमाथि हमला" शिर्षकमा प्रकाशित समाचार ।

१५.२ मिति २०७८/७/०६ मा "प्रश्नको कठघरामा प्रधानन्यायाधीश" शिर्षकमा प्रकाशित समाचार ।

१५.३ मिति २०७८/७/०७ मा "प्रधानन्यायाधीशको चित्तमा नलाग्दा रञ्जन विरुद्धको मुद्दा १५ महिनासम्म स्थगित" शिर्षकमा प्रकाशित समाचार ।

१५.४ मिति २०७८/०७/७ मा "न्यायाधीशहरुले प्रधानन्यायाधीशलाई अवज्ञा गर्न थाल्न् पर्छ" शिर्षकमा वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालको प्रकाशित आलेख ।

१५.५ मिति २०७८/७/०७ मा "प्रधानन्यायाधीशको चित्तमा नलाग्दा रञ्जन विरुद्धको मुद्दा १५ महिनासम्म स्थगित" शिर्षकमा प्रकाशित समाचार ।

१५.६ मिति २०७८/७/०८ मा "सर्वोच्चमा भद्र अवज्ञा", प्रधानन्याधीशबाटै न्यायालयको स्वच्छता, स्वतन्त्रता र गरिमा संकटमा परेपछि फुलकोट बहिकार गर्ने न्यायाधीशहरुको ऐतिहासिक निर्णय शिर्षकमा प्रकाशित समाचार ।

१५.७ मिति २०७८/७/०९ मा "प्रधानन्यायाधीशलाई पद छाड्न चौतफी दवाव" शिर्षकमा प्रकाशित समाचार ।

१५.८ मिति २०७८/७/०९ मा "प्रधानन्यायाधीश जोगाउन मन्त्रीको राजिनामा" शिर्षकमा प्रकाशित समाचार ।

१५.९ मिति २०७८/७/१० मा "सर्वोच्चमा बहस रोक्दै कानून व्यवसायी" शिर्षकमा प्रकाशित समाचार ।

१५.१० मिति २०७८/०७/१५ मा "ज.ब.रा.को ग्रेसफूल एक्जिट प्रस्तावमै शंका" शिर्षकमा प्रकाशित समाचार ।

१५.११ मिति २०७८/०७/१६ मा "ज.ब.रा.ले राजीनामा नगरे देशभर आन्दोलन" शिर्षकमा प्रकाशित समाचार ।

१५.१२ मिति २०७८/७/२२ मा ज.व.रा.को "राजिनामा बाहेकमा सम्झौता नगर्न खवरदारी" शिर्षकमा प्रकाशित समाचार ।

१५.१३ मिति २०७८/७/२४ मा "ज.ब.रा. एक्लै अघि बढ्दा झन उल्झन", ज.व.रा माथि भष्ट्राचार आरोप शिर्षकमा प्रकाशित समाचार ।

१५.१४ मिति २०७८/७/२६ मा "ज..रा.लाई चिनाउने ३६ मुद्दा" शिर्षकमा प्रकाशित समाचार ।

१५.१५ मिति २०७८/०७/२७ मा "सर्वोच्च संकट टार्न सरकारी पहल", बारले लगायो प्रधानन्यायाधीशलाई बार रिजर्भ फोर्स शिर्षकमा प्रकाशित समाचार

१५.१६ मिति २०७८/७/२७ मा "सर्वोच्च संकट टार्न सरकारी पहल" शिर्षकमा प्रकाशित समाचार ।

१५.१७ मिति २०७८/०७/२९ मा "बारको बटमलाईन ज.ब.रा.को बहिर्गमन" शिर्षकमा प्रकाशित समाचार ।

१५.१८ मिति २०७८/०८/१ मा "ढोकामा बार, झ्यालमा ज.ब.रा." शिर्षकमा प्रकाशित समाचार ।

१५.१९ मिति २०७८/०८/३ मा "न्याय प्रणालीमा कोषेढुङ्गा : बेन्च सपिङलाई निषेध' शिर्षकमा प्रकाशित समाचार ।

१५.२० मिति २०७८/०८/४ मा "सर्वोच्चमा प्रहरीका तीन गणको रिजर्भ फोर्स" शिर्षकमा प्रकाशित समाचार ।

१५.२१ मिति २०७८/०८/७ मा "ज.ब.रा अयोग्य हुनुका १७ कारण" शिर्षकमा प्रकाशित समाचार ।

१५.२२ मिति २०७८/०८/८ मा "बारलाई पेशागत समुह र नागरिक आन्दोलनको साथ, महाअभियोग लगाउन र सम्पत्ति छानविन गर्न माग" शिर्षकमा प्रकाशित समाचार ।

१५.२३ मिति २०७८/०८/१० मा "बारसंग छलफल गर्दै प्रधानमन्त्री", प्रथम महिला न्यायाधीश पनि सडकमा शिर्षकमा प्रकाशित समाचार ।

१५.२४ मिति २०७८/८/१३ मा "निकासका लागि ज.ब.रा.को बहिर्गमन" शिर्षकमा प्रकाशित समाचार ।

१५.२५ मिति २०७८/८/१६ मा निलम्बित प्रधानन्यायाधीश ज.ब.राका कारण "गोला प्रक्रियाबाट गठित इजलास पहिलो दिन नै प्रभावित" शिर्षकमा प्रकाशित समाचार ।

१५.२६ मिति २०७८/८/१७ मा "प्रधानन्यायाधीशको बहिर्गमन निर्विकल्प" शिर्षकमा अधिवक्ता राजुप्रसाद चापागाईको प्रकाशित आलेख ।

१५.२७ मिति २०७८/०८/१८ मा "महाअभियोगका लागि प्रयाप्त आधार" शिर्षकमा प्रकाशित समाचार ।

१५.२८ मिति २०७८/८/२७ मा "बार आन्दोलनका भ्रम र यथार्थ" शिर्षकमा वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईको प्रकाशित आलेख

१५.२९ मिति २०७८/०९/२१ मा "ज.ब.रा-पत्नि रेजी राणा क्षेत्रीका नाममा १ अर्बभन्दा बढी सम्पत्ति" शिर्षकमा प्रकाशित समाचार ।

१५.३० मिति २०७८/१०/१२ मा "संविधानका आँखामा चोलेन्द्र शम्शेर राणा" शिर्षकमा प्रकाशित समाचार ।

१६. राष्ट्रिय दैनिक पत्रिका अन्नपूर्ण पोष्टमा विभिन्न मितिमा प्रकाशित समाचार ।

१६.१ मिति २०७८/०८/०३ मा "न्यायको मन्दिर किन रणभुमी" शिर्षकमा प्रकाशित समाचार ।

१६.२ मिति २०७८/०९/१२ मा "न्यायिक गतिरोधको निकास" शिर्षकमा प्रकाशित समाचार ।

१६.३ मिति २०७८/०८/०९ मा "इजलास सुनसान, सुनुवाई ठप्प" शिर्षकमा प्रकाशित समाचार ।

१६.४ मिति २०७८/०८/१० मा "ज.व.रा. विरुद्ध न्याय मार्च" शिर्षकमा प्रकाशित समाचार ।

१६.५ मिति २०७८/०७/२६ मा "सर्वोच्च मा घम्साघंसी" शिर्षकमा प्रकाशित समाचार ।

१७. राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा विभिन्न मितिमा प्रकाशित समाचार ।

१७.१ मिति २०७८/०७/२६ मा "आज सर्वोच्चका क्नैपनि मुद्दामा बहस पैरवी नगर्ने बारको घोषणा" शिर्षकमा प्रकाशित समाचार ।

१७.२ मिति २०७८/०७/१५ मा "चौतर्फी दबाबमा परेपछि सम्मानजनक बहिर्गमनको खोजिमा प्रधानन्यायाधीश ज.व.रा." शिर्षकमा प्रकाशित समाचार ।

१७.३ मिति २०७८/०७/१८ मा "संवैधानिक नियुक्ति विरुद्धको मुद्दा संवैधानिक इजलासमा पठाउने निर्णय" शिर्षकमा प्रकाशित समाचार ।

१८. राष्ट्रिय दैनिक पत्रिका राजधानी दैनिकमा विभिन्न मितिमा प्रकाशित समाचार ।

१८.१ मिति २०७८/०६/२४ मा "अदालतमा विचाराधिन मुद्दा फैसला त्रासले निकटलाई मन्त्री" शिर्षकमा प्रकाशित समाचार ।

१८.२ मिति २०७८/०७/१४ मा "बारको अल्टिमेटम राणाले नमान्ने" शिर्षकमा प्रकाशित समाचार ।

१९. राष्ट्रिय दैनिक पत्रिका काठमाडू पोष्टमा विभिन्न मितिमा प्रकाशित समाचार ।

१९.१ November 1, 2021 After chief justices hints he is ready for graceful exit , justices take talks initiative शिर्षकमा प्रकाशित समाचार ।

१९.२ November 21, 2021 Bar ups the ante as court crisis deepns. Lawyers not to let Rana enter office शिर्षकमा प्रकाशित समाचार ।

२०. राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिका"मा विभिन्न मितिमा प्रकाशित समाचार ।

२०.१ मिति २०७८/०७/०९ मा "बहिर्गमनको दबाबमा प्रधानन्यायाधीश " शिर्षकमा प्रकाशित समाचार ।

२०.२ मिति २०७८/०७/०६ मा "प्रधानन्यायाधीश माथि न्यायमूर्तिहरुमकै संगीन आरोप" शिर्षकमा प्रकाशित समाचार ।

२०.३ मिति २०७८/०७/१६ मा "पिएकी आमालाई पनि नियुक्ति दिलाएका थिए ज.व.रा.ले " शिर्षकमा प्रकाशित समाचार ।

२०.४ मिति २०७८/०७/१३ मा "राजिनामा दिन ज.ब.रा.लाई पाच दिनको अल्टिमेटम" शिर्षकमा प्रकाशित समाचार ।

२०.५ मिति २०७८/०७/१४ मा "बारको अल्टिमेटम राणाले नमान्ने" शिर्षकमा प्रकाशित समाचार ।

२०.६ मिति २०७८/०७/१५ मा "सम्मानजनक बहिर्गमनको खोजिमा ज.ब.रा" शिर्षकमा प्रकाशित समाचार ।

२०.७ मिति २०७८/०७/१८ मा "ज.ब.रा. लाई न्यायिक नेतृत्वमा स्वीकार गर्नै नसकिने बारको निष्कर्ष" शिर्षकमा प्रकाशित समाचार ।

२०.८ मिति २०७८/०७/२२ मा "आन्दोलन थप सशक्त बनाउने बारको तयारी" शिर्षकमा प्रकाशित समाचार ।

२०.९ मिति २०७८/०७/२६ मा "सर्वोच्चभित्रै कानून व्यवसायीमाथि प्रहरीको लाठी" शिर्षकमा प्रकाशित समाचार ।

२०.१० मिति २०७८/०९/५मा अस्थिर राजनीति, न्याययालय अस्तव्यस्त शिर्षकमा प्रकाशित समाचार ।

२०.१० मिति २०७८/०७/२४ मा न्यायाधीशले गरे इजलास वहिस्कार शिर्षकमा प्रकाशित समाचार ।

२०.११. मिति २०७८/०७/ ७ मा प्रकाशित न्यायको कठघरामा प्रधानन्यायाधीश शिर्षकमा प्रकाशित समाचार ।

२०.१२. मिति २०७८/०७/८ मा प्रकाशित सर्वोच्च संकटमा प्रधानन्यायाधीश शिर्षकमा प्रकाशित समाचार ।

२०.१३. मिति २०७८/०७/१२ मा प्रकाशित संघषैरत न्यायाधीशहरु आज पन इजलास नबस्ने आन्दोलनका कार्यक्रम तय गर्दै नेपाल बार शिर्षकमा प्रकाशित समाचार ।

२०.१४. मिति २०७८/०७/११ मा प्रकाशित बेन्च बहिस्कार, प्रधानन्यायधीशलाई सर्वोच्च प्रवेशमा रोक देखि सडक आन्दोलन सम्मका कार्यक्रम बनाउदै बार शिर्षकमा प्रकाशित समाचार ।

२०.१५. मिति २०७८/०७/२३ मा प्रकाशित बारको आन्दोलन जिल्ला र इकाई सम्म शिर्षकमा प्रकाशित समाचार ।

२०.१६. मिति २०७८/०८/१६ मा प्रकाशित जबारा अस्पतालमा छन, विदामा छैनन् शिर्षकमा प्रकाशित समाचार ।

२०.१७ मिति २०७८/०८/८ मा प्रकाशित ठेक्का पट्टामा पनि जवराका आँखा शिर्षकमा प्रकाशित समाचार ।

२०.१८ मिति २०७८/०८/९ मा प्रकाशित स्वाभिमान गुम्यो, अभिमान उस्तै शिर्षकमा प्रकाशित समाचार ।

२०.१९. मिति २०७८/०७/१७ मा प्रकाशित फकाउने र अल्झाउने रणनीतिमा जबारा शिर्षकमा प्रकाशित समाचार ।

२०.२०. मिति २०७८/०७/२८ मा प्रकाशित बारको आन्दोलन आजदेखी देशभार शिर्षकमा प्रकाशित समाचार ।

२०.२१ मिति २०७८/०८/१मा प्रकाशित न्यायधीशहरुले भने राजिनामाको मागमा अडिक छौं शिर्षकमा प्रकाशित समाचार ।

२०.२२ मिति २०७८/०८/४ मा प्रकाशित साढे चार अर्वै भन्दा बढी पर्ने वीरगन्जको सार्वजनिक जग्गा यसरी आफन्तका नाममा पुऱ्याएका थिए जबराले शिर्षकमा प्रकाशित समाचार ।

२०.२३. मिति २०७८/०८/२ मा प्रकाशित देश भरका कानून व्यवसायीलाई काठमाडौमा उतार्ने बारको तयारी शिर्षकमा प्रकाशित समाचार ।

२०.२४ मिति २०७८/०८/३ मा प्रकाशित नैतिकता पछ जबारले शक्ति पनि गुमाए शिर्षकमा प्रकाशित समाचार ।

२०.२५ मिति २०७८/०७/२९मा प्रकाशित वार पारमा बार शिर्षकमा प्रकाशित समाचार ।

२०.२६. मिति २०७८/०८/१७ मा प्रकाशित निवसबाटै सर्वोच्च चलाउने जबाराको सन्देश शिर्षकमा प्रकाशित समाचार ।

२०.२७. मिति २०७८/०८/१८ मा प्रकाशित, जबराको बिरुद्ध महाअभियोगको तयारी हुदैछ शिर्षकमा प्रकाशित समाचार ।

२०.२८. मिति २०७८/०९/८ मा प्रकाशित जबरालाई महान्यायधिवक्ताको कार्यालयको पनि बहिस्कार शिर्षकमा प्रकाशित समाचार ।

२०.२९ मिति २०७८/०९/११ मा प्रकाशित प्रधानन्यायाधीश विरुद्धको आन्दोलन नागरिक तहमा शिर्षकमा प्रकाशित समाचार ।

२०.३०. मिति २०७८/०९/१३ मा प्रकाशित प्रधानन्यायधीश जबराको परिवारमाथि सम्पत्ति शुद्धीकरणले तत्काल छानबिन थाल्ने शिर्षकमा प्रकाशित समाचार ।

२०.३१. मिति २०७८/०९/२८ मा प्रकाशित प्रधानन्यायाधीश जबारा विरुद्ध थप आन्दोलनको तयारीमा बार शिर्षकमा प्रकाशित समाचार ।

२०.३२ मिति २०७८/०९/१२ मा प्रकाशित प्रधानन्यायधीश जबराको सम्पत्ति छानबिनको माग गर्दै सम्पत्ति शुद्धीकरणमा नागरिक अगुवा शिर्षकमा प्रकाशित समाचार ।

२१. सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.राले प्राइमटाइम एचडि टेलिभिजनमा मिति २०७८/०७/११ म दिन् भएको अन्तरवार्ताको भिडियो सामग्री ।

२२. मिति २०७९/०३/०७ मा News24 टेलिभिजन मार्फत काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश राज कुमार कोइराला र अधिवक्ता रुद्रप्रसाद पोखरेलबीच नेपाल सरकार विरुद्ध इच्छाराज तामाङ भएको ठगी मुद्दाको थुनछेक आदेशको विषयलाई लिएर मिति २०७९/०३/०७ मा News२४ टेलिभिजन मार्फत सार्वजनीकभएको अडियो रेकर्डेड सम्बाद ।

२३. यस बार एशोसिएसनका पूर्व अध्यक्ष समेतलाई बुझिपाँउ ।

माथि उल्लेखित विभिन्न मितिमा प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाको समाचारको कागजात यस बारको तर्फबाट पछि पेश गरिने व्यहोरा अनुरोध छ । साथै सोको सक्कल कागजात संबन्धित निकायबाट झिकाइ बुझिपाउन अनुरोध गर्दछौं ।

ऋषिराम घिमिरे

सचिव

पूर्णमान शाक्य

अध्यक्ष

सर्वोच्च अदालत बार एशोसिएशन